# पाती झार (गाजर झार) *Parthenium hysterophorus*

<table>
<tr><th></th><th>बचावट>></th><th>अनुगमन >></th><th>प्रत्यक्ष नियन्त्रण>></th><th>प्रत्यक्ष नियन्त्रण>></th><th>प्रतिवन्धहरु</th></tr>
<tr>
<td rowspan="9"><br>पाते झारको फुल फुलेको अवस्था<br><br>पाते झारको झाडी</td>
<td rowspan="9">◆ पाती झार बंशको श्रोतको रुपमा काम गर्न सक्ने भएकाले सडक किनारा, खाली जग्गा, खेतबारीको वरिपरि, नालीहरु तथा बाँझो जग्गामा रहेका बिरुवाहरुलाइ फूल फूल्नु अगावै हटाउने ।<br>◆ झारपातको बिउ मूक्त गुणस्तरीय बीउको प्रयोग गर्ने ।<br>◆ जनचेताना जगाइ समूदायको परिचालन गर्ने ।<br>◆ गाडीहरु, मेशीनरी तथा औजार उपकरणहरु प्रयोग गर्नु पूर्व र प्रयोग गरिसकेपछि राम्रोसँग सफा गर्ने ।<br>◆ पातीझारलाइ फलफूल, पुष्पगुच्छा, तरकारी तथा पशुवस्तुको ढुवानीका क्रममा प्याकीङ्ग गर्न उपयोग नगर्ने।<br>◆ पशुवस्तुलाइ सोतरको रुपमा पातीझारलाइ प्रयोग नगर्ने ।<br>◆ खुला पशुचरणलाइ बन्द गर्ने ।</td>
<td rowspan="9">◆ स्थानिय सरकार, पाठशालाहरु, कलेजहरु, गैर सरकारी संस्थाहरु, समूदायमा आधारीत संस्थाहरु, सडक तथा स्वास्थ्य सेवा विभागका ग्रामिण स्तरका कार्यकर्ताहरु तथा बिषादी खुद्रा बिक्रेता लगायत सबैलाइ शुरु अवस्थामै पहिचान गर्ने चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।<br>◆ खेतवारीको वरिपरि, खुला जग्गा तथा खेर गएको जमिनहरुमा झारको अवस्था वारे जानकारी राख्ने ।<br>◆ विद्युतीय वा छापा माध्यमहरुबाट सार्वजनीक सचेतनाका क्रियाकलापहरु सञ्चालन गर्ने ।<br>◆ सामाजिक सञ्जालहरुको प्रयोगबाट सचेतनाका सन्देशहरु प्रवाह गर्ने ।</td>
<td rowspan="9">◆ पातीझार फूल्नु अगावै सकेसम्म छिटो हटाउने र नष्ट गर्ने ।<br>◆ खेतवारीमा खनजोत गरि फूल फूल्नु अगावै झार नष्ट गर्ने ।<br>◆ फूल फूलिसकेको अवस्थामा भए हटाएको झारलाई जलाउने वा गहिरो गरि पुर्ने ।<br>◆ झार व्यवस्थापनका भौतीक तथा खेती प्रविधि सम्बन्धि उपायहरुलाई पूर्णतया व्यवस्थापन नहुँदा सम्म निरन्तर अपनाउने ।<br>◆ पातीझार खाएर व्यवस्थपापन गर्ने मेक्सीकन खपटे कीरा (Zygogrammabic olarata) लाइ संरक्षण र सम्बर्धन गर्ने ।</td>
<td colspan="2">◆ बिषादीको प्रयोग गर्दा व्यक्तिगत सुरक्षाका उपकरणहरु अनिवार्य रुपमा प्रयोग गर्ने, पर्चामा उल्लेख भएको सिफारीशहरुलाइ अध्ययन र अवलम्बन गर्ने । बिषादी प्रयोग गर्दा खाने, पीउने वा धुम्रपान/सुर्ती सेवन नगर्ने ।</td>
</tr>
<tr><td colspan="2">◆ झारनाशक बिषादीहरु खुला वा खेती नगरिएको जमिनमा मात्र प्रयोग गर्ने । खुल्ला मौसम भएको अवस्थामा सकेसम्म बिहान सबेरै झारनाशक बिषादी प्रयोग गर्ने । बीषादी छर्दा फ्लाट फ्यान नोजल भएको स्प्रेयरको प्रयोग गर्ने । वाली लगाएको जमिनमा झारनाशक बिषादी प्रयोग नगर्ने ।</td></tr>
<tr><td colspan="2">◆ विश्व स्वास्थ्य संगठनको घातकता बर्ग ॥ मा पर्ने बिषादीहरु सकेसम्म निरुत्साहीत गर्ने जुन मानव सुरक्षा तथा प्राकृतिक मित्रजीवहरुको लागि घातक हुन्छन् ।</td></tr>
<tr><td colspan="2">◆ पञ्जीकृत भएका बिषादीहरुको अद्यावधिक सुचि अवलम्बन गर्ने</td></tr>
<tr><td colspan="2">◆ झारनाशक बिषादी पचाउने क्षमताको विकास हुन नदिन एउटै विषादी पटक पटक नछरी सिफारीश बिषादीहरु आलोपालो गरि छर्ने र।</td></tr>
<tr><td>◆ ग्लाइफोसेट ७१ एस एल ३ मि.ली. प्रति लिटर पानिका दरले वा</td><td>◆ फूल खेल्नु अगावै एक पटक छर्ने ।<br>◆ विश्व स्वास्थ्य संगठनको वर्ग।॥ (सामान्य घातक) झारको कलिलो अवस्थामा छर्ने ।</td></tr>
<tr><td>◆ मेट्रिवुजीन ७० डब्लु पी २ ग्रा. प्रतिलिटर पानिका दरले वा</td><td>◆ फूल खेल्नु अगावै एक पटक छर्ने ।<br>◆ विश्व स्वास्थ्य संगठनको वर्ग।॥ (सामान्य घातक) झारको कलिलो अवस्थामा छर्ने ।</td></tr>
<tr><td>◆ २, ४ डी सोडीयम साल्ट ८० डब्लु पी ३ ग्राम प्रतिलिटर पानीका दरले पूरा बिरुवा भिज्ने गरि छर्ने ।</td><td>◆ फूल खेल्नु अगावै एक पटक छर्ने ।<br>◆ विश्व स्वास्थ्य संगठनको वर्ग।॥ (सामान्य घातक) झारको कलिलो अवस्थामा छर्ने ।</td></tr>
<tr><td colspan="2">◆ कीराको बिष पचाउने क्षमतालाई रोक्न माथि उल्लेखित बिषादीहरु आलोपालो गरि प्रयोग गर्ने।<br>◆ बिषादीको प्रयोग गर्दा सदैब सुरक्षित पहिरन प्रयोग गर्नुका साथै बिषादीको सुचक पत्र अनुसार पालना गर्नु होला।</td></tr>
</table>

**नेपाल**

तयार गरिएको मिति: अक्टुवर, २०१९

तयार गर्ने: राजेन्द्र कुमार भट्टराई, राजिवदास राजभण्डारी, महेशचन्द्र आचार्य, रामकृष्ण सुवेदी, याम कुमार श्रेष्ठ, अजय श्रीरत्न बज्राचार्य र होम बहादुर वि क

सम्पादन तथा प्रकाशन:प्लान्ट क्वारेन्टिन एवं विषादी व्यवस्थापन केन्द्र तथा प्लान्ट वाइज कार्यक्रम